सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक १०९ ♦ २०८१ साल मंसीर १३ गते विहिवार ♦ 28 Nov 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# धनुषा र महोत्तरीको एक-एक पालिकाका वडा अध्यक्षको चुनाव: उम्मेदवारहरु घर दैलोमा व्यस्त

## धनुषाधाम नगरपालिका-१ मा उम्मेदवारहरु घरदैलोमा व्यस्त



**खबर दर्पण समाचारदाता**

**मंसीर १२ गते, जनकपुरधाम**

धनुषाको धनुषाधाम नगर पालिका वडा नम्बर-१ मा वडाअध्यक्षको लागि हुने स्थानीय तहको उपचुनावमा मुख्य दलबीच प्रतिस्पर्धा देखिएको छ। चुनाव नजिकिँदै जाँदा मतदाता फकाउन उम्मेदवारहरु घरलैलोमा व्यस्त छन्।

धनुषाधाम- १ मा निरन्तररुपमा नेपाली कांग्रेसले जित्दै आएको छ। त्यसैले कांग्रेसले आफ्नो क्षेत्रलाई निरन्तरता दिनका लागि सक्रिय देखिएका छन् भने उनका निकटतम् प्रतिद्वन्द्वीहरु नेकपा एमाले र नेकपा माओवादी केन्द्रका उम्मेदवारहरु उनलाई पछ्याइरहेका छन्।

नेकपा एमालेबाट प्रमोद यादव, कांग्रेसबाट अशोककुमार मण्डल, नेकपा माओवादी केन्द्रबाट सुनिल कापर केवट, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट रामनरेश दास, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट रामदेवसिंह दनुवार, जसपा नेपालबाट अजयकुमार यादव, जनमत पार्टीबाट कुशेश्वर मण्डल, बहुजन एकता पार्टीबाट प्रमिला कुमारी सदा उम्मेदवार छन्। भने स्वतन्त्र उम्मेदवारहरु पनि तामझामसहित सक्रिय छन्।

कांग्रेसका उम्मेदवार मण्डलले विगतमा पनि कांग्रेसका वडाअध्यक्षले गरेका राम्रा कामको जस जनतामा पाउने गरेको र बाँकी कामको अभिभारा जनताले पूरा गर्ने पक्षमा जनता देखिएको बताए।

२०७९ को स्थानीय तह निर्वाचनमा कांग्रेसका विश्वनाथ यादव ठूलो मतान्तरले निर्वाचित भएका थिए। उनले ६१८ मत ल्याएर वडाध्यक्ष जित्दा निकटतम प्रतिद्वन्दी एमालेका उम्मेदवार प्रमोद यादवले ३७७ मा मत पाएका थिए भने ३६९ मतसहित तेस्रो स्थानमा रहेका माओवादी केन्द्रका सुनिल कापर केवट उपनिर्वाचनमा पनि उम्मेदवार बनेका छन्।

एमालेका उम्मेदवार प्रमोद यादव जस्तै माओवादी केन्द्रका उम्मेदवार सुनिल कापरले घर दैलो सकाइसकेका छन्। उनले आफ्नो पक्षमा माहोल बनाउन भेटघाटलाई तीव्रता दिएको बताए।

माओवादी केन्द्रका उम्मेदवारलाई नेकपा एकीकृत समाजवादीले समर्थन गर्दै उम्मेदवारी फिर्ता लिएका थिए।

नेकपा एसबाट मनोनयन दर्ता गराएका गोपाली साहले माओवादी उम्मेदवार कापरलाई समर्थन गरी उम्मेदवारी फिर्ता लिएका थिए।

बिरासत जोगाउन कांग्रेस चुनावी तयारीमा जुटेको छ। कांग्रेसका उम्मेदवार अशोक विगतमा पनि कांग्रेसका वडाअध्यक्षले गरेका राम्रा कामको जस जनतामा पाउने गरेको र बाँकी कामको अभिभारा जनताले पूरा गर्ने पक्षमा जनता देखिएको मण्डलको भनाइ छ।

राजनीतिक दलका नेताहरुले आ- आफ्नो पार्टीका उम्मेदवार लाई जिताउनका लागि दौडधुपलाई बढाएका छन्।

## रामगोपालपुर-२ मा निर्वाचनको चहलपहल



**खबर दर्पण समाचारदाता**

**मंसीर १२ गते, बर्दिवास**

आगामी आइतबार रामगोपालपुर नगरपालिका-२ मा वडाध्यक्षको निर्वाचन हुँदैछ। मतदातालाई आफ्नो पक्षमा पार्न उमेद्वारहरू मतदाताका घरआँगनमा पुगेका छन्।

आसन्न चुनावले उक्त वडामा चहलपहल बढाएको छ।

मौन अवधि प्रारम्भ हुनु अगावै प्रचारप्रसारमा जुटेका उनीहरूले मधेस मामिला उजागर गर्दै विभेदविरुद्ध उभिएको र विकास-निर्माणलाई नै केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता मतदातासमक्ष व्यक्त गरिरहेका छन्।

यहाँ दलका सात र स्वतन्त्र ११ गरी १८ जना उमेद्वार मैदानमा छन्। यसअघिको निर्वाचनमा विजयी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) चुनाव जित्नैपर्ने दबाबमा छ। गत भदौमा दुर्घटनामा ज्यान गुमाएका मुकेशकुमार यादवकी पत्नी आइतीकुमारीलाई उक्त पार्टीले उमेद्वार बनाएको छ।

नेपाली कांग्रेसका मोहम्मद जनिफ खाँ आसन्न उपनिर्वाचनमा आफू जित्ने दाबी गर्छन्। अघिल्लो निर्वाचनमा ५८ मतले पारजित उनी यसपटक मतदाताले आफूलाई जिताउनेमा ढुक्क देखिन्छन्।

सोही निर्वाचनमा तेस्रो स्थानमा रहेका जनता समाजवादी पार्टीका सकिबुल खान यसपटक नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उमेद्वार रहेका छन्।

राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय जनता पाटीबाट क्रमशः मोहम्मद मनान खान, र खुरसेद खान तथा राजेशकुमार यादव उमेद्वार रहेका छन्।

यसअघि मुकेशकुमार यादवले ४३३, जनिफ खानले ३७५, जसपाका सकिवुल खानले ३४२ र एमालेका कादिर हुसैनले २८७ मत प्राप्त गरेका थिए। सो वडामा हाल एक हजार २०१ पुरुष र ९४० महिलासहित दुई हजार १४१ मतदाता कायम रहेका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

-रासस

सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं,
सामाजिक मर्यादाको ख्याल गरौं।

मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय,
मधेस प्रदेश, जनकपुरधाम

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मधेश प्रदेशबाट १४ जना हुण्डी कारोबारी पक्राउ

**खबर दर्पण समाचारदाता**

**मंसीर ११ गते, बर्दिवास**

मधेश प्रदेशमा चार महिनामा मात्रै १४ जनालाई प्रहरीले हुण्डी कारोबारको आरोपमा पक्राउ गरेका छन् ।

चालू आर्थिक वर्ष ०८१-८२ को चार महिनामा अवैध हुण्डी कारोबार गरेको आरोपमा १४ जना पक्राउ गरेको प्रदेश प्रहरी कार्यालय मधेश प्रदेशले जनाएको छ । पक्राउ परेकाहरूको साथबाट अवैध ९८ लाख २६ हजार ६९० रुपैयाँ बरामद भएको प्रदेश प्रहरीले जनाएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयले जनाए अनुसार अवैध हुण्डी कारोबारमा पक्राउ परेकाहरूमध्ये ९ जनामाथि मुद्दा दर्ता भएको छ । हुण्डी कारोबारको आरोपमा सबैभन्दा बढी सिराहामा चारजना पक्राउ परेको थियो भने दुईजनाविरुद्ध मुद्दा दर्ता भएको छ। उनीहरूको साथबाट अवैध रकमस्वरुप ३० लाख १९ हजार ८९० रुपैयाँ बरामद भएको छ ।

त्यस्तै धनुषा र महोत्तरीमा तीन-तीनजना पक्राउ परेका प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी समेत रहेका प्रहरी उपरीक्षक सुवासचन्द्र बोहराले जानकारी दिए ।

धनुषामा पक्राउ परेकाहरूको साथबाट १९ लाख रुपैयाँ बरामद भएको छ भने महोत्तरीमा पक्राउ परेकाहरूबाट २९ लाख ८६ हजार आठ सय रुपैयाँ बरामद भएको जनाइएको छ। जसमध्ये धनुषामा एकजना र महोत्तरीमा तीनजनामाथि मुद्दा दर्ता गरिएको प्रहरी उपरीक्षक बोहराले बताए । त्यस्तै रौतहट र बारामा दुईदुईजना पक्राउ परेका छन्।

रौतहटमा पक्राउ परेकाहरूको साथबाट ९ लाख रुपैयाँ र बारामा पक्राउ परेकाहरूको साथबाट १० लाख २० हजार रुपैयाँ बरामद भएको प्रदेश प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख गरिएको छ। रौतहटमा पक्राउ परेका दुईजना र बाराका एकजनामाथि मुद्दा दर्ता भएको छ ।

प्रहरी तथ्यांकले जनाएअनुसार मधेश प्रदेशको सर्लाही, सप्तरी र पर्सा जिल्लामा अहिलेसम्म हुण्डी कारोबारको आरोपमा एकजना पनि पक्राउ परेका छैनन् । प्रहरी उपरीक्षक बोहराले हुण्डी कारोबारमा पक्राउ परेका केहीलाई पक्राउ परेको रकमसहित भन्सार कार्यालयमा पनि पठाउने गरिएको बताए ।

यसअघि गत आर्थिक वर्ष ०८०-८१ मा अवैध हुण्डी कारोबारमा प्रदेशमा २७ जना पक्राउ परेका थिए । जसमध्ये १५ जनाविरुद्ध मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अगाडि बढाइएको उनले बताए । पक्राउ परेकाहरूको साथबाट एक करोड २६ लाख १५ हजार सात सय रुपैयाँ बरामद भएको थियो भने जसमध्ये भारतीय रकम ९८ हजार रुपैयाँ मात्र बरामद भएको थियो ।





मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल



जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मधेस प्रदेश , जनकपुरधाम


## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन**-आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कुम्भ**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मनराशिस्वामा संचालित ७ दिने पंचकर्म तथा प्राकृतिक चिकित्सा शिविर सम्पन्न



**खबर दर्पण समाचारदाता**
**मंसीर १३ गते, बर्दिवास**

महोत्तरीको मनराशिस्वा नगर पालिकामा मंसिर ६ गतेदेखि संचालित सात दिने पंचकर्म तथा प्राकृतिक चिकित्सा शिविर सम्पन्न भएको छ । मनराशिस्वा नगर आयुर्वेदको चिकित्सालयमा आयोजित उक्त सातदिने शिविर को अन्तिम दिनमा पनि सहभागीहरुलाई पंचकर्म,योगा तथा प्राकृतिक चिकित्साका सम्पूर्ण क्रियाहरु गराइएको थियो । नसर्ने रोग रोकथाम तथा नियन्त्रण गर्ने मुख्य उद्देश्यका साथ संचालन गरि एको शिविरको अन्तिम दिनमा सहभागी हरुमा उच्च र क्तचाप,चिनीरोग (मधुमेह) लगायत पाचन तथा स्वासप्रश्वास सम्बन्धीको समस्यामा देखिएको सुधारको अनुभव समेत संकलन गरिएको थियो ।

सात दिने शिविरको अन्तिम दिन सममा ३७ जना उक्त पंचकर्म तथा प्राकृतिक चिकित्सा शिविर मा सहभागी भएका थिए । शिविर को उद्घाटनका दिन सहभागिहरुको रगत जाँच,उच्च रक्तचाप लगायत विभिन्न जाँच गरी पहिलो दिनको तथ्यांक संकलन गरी त्यसपछिको प्रत्येक दिनको शिविरमा उनीहरुको स्वास्थ्य अवस्थाको तथ्यांक संकलन गर्ने गरिएको नगर आयुर्वेद चिकित्सालाय मनराका प्रमुख संजय यादवले जानकारी दिए ।

शिविरमा सहभागी भएका मनर ाशिस्वाका स्थानिय ५४ वर्षिय र ामदिनेश चौधरीको चिनिरोग( मधुमेह) पहिलो दिनको तथ्यांक अनुसार १३५.५ रहेको थियो भने सातदिन निरन्तर शिविरमा सहभागी भएका चौधरीको अन्तिम दिनमा मधुमेह परिमाण १००.५ भएर ३५ अंकले घटेको थियो । पंचकर्म तथा प्राकृतिक चिकित्सा शिविर लाभदायक र फलदायक समेत रहेको स्थानिय रामदिनेश चौधरीले बताएका छन।

मनराशिस्वा नगरपालिकामा संचालित उक्त शिविरमा सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै नगरप्रमुख मोहन पाण्डेयले शिविर मा गरिएको अभ्यास सहज र कम खर्चीलो भएकोले यसलाई घरमा निरन्तर अभ्यास गरेसँगै योगा अभ्यासलाई पनि नछोडन सहभागीहरु सँग आग्रह गरे उनले एकीकृत उपचार पद्धति मार्फत नगरपालिकाको स्वास्थय अवस्थालाई सबल सक्षम बनाउने योजना सहित स्वास्थ्य सेवामा स्थानियको पहुँच सहज बनाउन नगरपालिकाको लक्ष्य रहेको जानकारी दिए ।

सातदिने शिविरमा जलनेती,योगा अभ्यास,माटो पट्टी,माटो स्नान,अकुप्रेसर अभ्यास,शरिरमा तेल मालिस,बवन,बस्ती,बाफ स्नान जस्ता पंचकर्म तथा प्राकृतिक चिकित्साको अभ्यास सँगै कर ेला,गोलभेडा,काक्रो,एलोवेरा लगायतका जुसको सेवन सहभागीहरुले सातदिने शिविरमा सेवन गरेका थिए । उक्त समापन कार्यक्रममा मनराशिस्वा नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेश कुमार शर्मा, मधेश प्रदेश स्वास्थ्य निर्देशनालय आयुर्वेद शाखा प्रमुख डा. रामबाबु साह ,मधेश प्रदेश नेपाल आयुर्वेद स्वास्थ्यकर्मी समाजका अध्यक्ष वरि ष्ठ कविराज निरिक्षक रामछविला यादव ,नगर आयुर्वेद तथा वैकल्पिक चिकित्सालयका मनराका प्रमुख संजय यादव, मनराशिस्वा नगरपालिका स्वास्थ्य शाखा प्रमुख रामचन्द्र यादव ,नगर आयुर्वेद तथा वैकल्पिक चिकित्सालयका मनराका सहायक प्राकृतिक चिकित्सक मनिष महतो जलगायत स्वास्थयकर्मी ,शिविरमा सहभागीहरुको उपस्थिति रहेको थियो ।


मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**प्रादेशिक अस्पताल गौर**
रौतहट, नेपाल



**हाम्रो सेवाहरु :**

- २४ घण्टा आपतकालीन सेवाहरू:
- प्रक्रिया र ड्रेसिङ सेवाहरू:
- २४ घण्टा प्रयोगशाला सेवाहरू:
- २४ घण्टा फार्मेसी सेवाहरू:
- २४ घण्टा कल एक्स-रे र अल्ट्रासोनोग्राफी (भिडियो एक्स-रे)
- Inpatient Department (IPD):
- बाहिर रोगी विभाग (OPD):
- सर्जिकल सेवाहरू:
- प्रत्यक्ष अवलोकन गरिएको उपचार -" छोटो पाठ्यक्रम (DOTs):
- एन्टी रेट्रो-भाइरल थेरापी (एआरटी):
- व्यापक आपतकालीन प्रसूति र नवजात शिशु केयर (CEONC):
- मातृ तथा बाल स्वास्थ्य क्लिनिक (MCH):
- दन्त सेवाहरू:
- सामाजिक सेवा इकाई:
- OCMC (वन स्टप क्राइसिस म्यानेजमेन्ट सेन्टर):
- शैक्षिक गतिविधिहरु:

अस्पतालका कर्मचारीहरूका लागि निरन्तर चिकित्सा शिक्षा नियमित रूपमा सञ्चालन गरिन्छ साथै मेडिकल, नर्सिङ, प्यारामेडिक्स र प्रयोगशालाका विद्यार्थीहरूलाई क्लिनिकल र प्रशासनिक एक्सपोजर प्रदान गरिन्छ।








**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**वन तथा वातावरण मन्त्रालय, मधेस प्रदेश, जनकपुरधाम**



**शुभ स्वस्तिक हस्पिटल प्रा. लि.**
**बर्दिवास मेडिकल हल**
**स्वस्तीक मेडिको प्रा. लि.**
बर्दिवास, महोत्तरी
सम्पर्क नं. ०४४-५५०२५५, ९८४४०१५६१६

**बर्दिवासमा पहिलो CT SCAN सेवा**



सुविधा सम्पन्न आफ्नै भवनमा अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवा सहित ३ वर्षे नर्सिङ्ग कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

# कृषिमा भित्रिएको आधुनिकताले लोप हुँदै दाइँ गर्ने परम्परा





**अजयकुमार साह**

**मंसीर १३ गते, महेन्द्रनगर**

कृषिमा भित्रिएको आधुनिक प्रविधिले गर्दा दाइँ गर्ने परम्परा गाउँघरबाट लोप हुँदै जान थालेको छ ।

धनुषाका अधिकांश किसान केही वर्षअघिसम्म गोरु र मान्छेकै सहारामा धान र परालको दाइँ गर्दै आएका थिए । पछिल्लो समय आधुनिक थ्रेसर मेसिन र ट्र्याक्टरका सहायताबाट धान चुट्न थालेपछि दाइँ परम्परा लोप हुन लागेको हो ।

खेती किसानी पनि गर्दै आएका जिल्ला समन्वय समिति धनुषाका पूर्वसभापति रामदेव यादवले पछिल्लो समय किसानले गोरु पाल्न छाडेपछि थ्रेसर र ट्र्याक्टरको सहायताले दाइँ गर्न थालिएको बताए ।

'एक दशकअघिसम्म खेतका फाँटमा खलो बनाइ धान, मसुरो, तोरी, गहुँ लगायतका अन्न झार्ने गरिएको थियो । बोटमा बाँकी बसेका अन्न झार्नका लागि मियोका वरिपरि गोरु घुमाएर बोट कुल्चाइ दाइँ गर्ने परम्परा थियो,' उनले भने, 'तर पछिल्लो समय गोरुको अभाव र कृषिमा भित्रिएको आधुनिक प्रविधिका कारण गाउँमा दाइँ गर्ने परम्परा हराउँदै जान थालेको छ ।'

गाउँघरमा अर्मपर्म गरेर खेती गर्ने चलन हट्न थालेपछि ट्र्याक्टरले खेत जोत्न र थ्रेसरले धान चुट्न थालिएको क्षीरेश्वरनाथ नगरपालिका-४ वडाध्यक्षसमेत रहेका किसान जगदीश यादवले बताए। उनका अनुसार कृषिमा प्रविधिको विकासले गाउँघरबाटै दाइँ संस्कृति हराउँदै जान थालेको छ ।

थ्रेसर मेसिन, ट्र्याक्टरको प्रयोगले किसानको समय, श्रम र पैसाको बचत भए पनि मौलिक संस्कृतिको भने मर्ममै प्रहार हुन थालेको आभास भएको क्षीरेश्वरनाथ- ५ महेन्द्रनगरका अवकास प्राप्त विज्ञान शिक्षक रामशंकर यादवको धारणा छ । 'मेसिनको सहायताले दाइँ गर्दा त्यसले उडाएको भुसले वातावरणमा नकारात्मक प्रभाव पर्नुको साथै जनस्वास्थ्यमा समेत असर परेको पाइएको छ,' उनी भन्छन्, 'श्वासप्रश्वासको समस्या भएका बालबालिका र वृद्ध-वृद्धालाई बढी असर गर्ने गरेको छ । आँखामा धुलो परेर समस्या सिर्जना हुने गरेको पनि छ । तर खेतमै खलो बनाएर दाइँ गर्दा त्यस्तो समस्या हुँदैन थियो ।'

युवाशक्ति विदेश पलायन हुनु, गाउँघरमा गोरु र काम गर्ने मान्छे पाउन सकस हुनु र पाइएकाको ज्याला खर्च महँगो भएकाले पनि जिल्लाका किसानले कृषि यन्त्रको प्रयोग बढाएका हुन् । जसबाट अन्न झार्ने तथा पराल, भुसा वा नल एकै पटकमा माडिने हुँदा समय, श्रम र पैसाको बचत हुने गरेको किसान स्वयं बताउँछन् ।


**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्नः**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**सिन्धुली अस्पताल, सिन्धुली**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्नः**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरधाम**

**स्वस्थ्य लागि खेलकुद, देशको लागि खेलकुद, खेलाडीहरु राष्ट्रका गहना हुन्।**

हामी सबैको प्रतिबद्धता, लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता

**खेलकुद तथा समाजकल्याण मन्त्रालय मधेस प्रदेश, जनकपुरधाम**

**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**सागरनाथ वन विकास परियोजना सर्लाही,**

**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**प्रदेश जनस्वास्थ्य प्रयोगशाला, मधेस प्रदेश, जनकपुरधाम**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,